१८

# अनन्त इनाम र दण्ड

हाम्रो मनले बुझ्न अति नै गाह्रो एउटा अवधारणा भनेको "अनन्तता", एउटा कहिल्यै समाप्त नहुने अस्तित्व हो । हाम्रो भौतिक जगतमा भएका सबै थोकहरू, जसलाई हामी देख्न र छुन सक्दछौं, सृष्टि गरिएका थिए र तिनीहरूको अन्त्य पनि हुनेछ; त्यसैले, अनन्तताको अवधारणालाई आत्मसात् गर्न गाह्रो हुन सक्दछ । त्यसैकारण अनन्तता हामीले अनुभव गर्नेभन्दा टाढाको कुराभएकोले यसलाई बुझ्नु भन्ने कुरा हाम्रो दिमागको निम्ति सम्भवत असम्भव हुन्छ ।

परमेश्वरले स्वर्ग त्यसका अद्‌भुतताहरूका साथ हामीहरूलाई दिनुहुनेछ भन्ने कुरामा हामी तुरुन्तै सहमत हुन सक्दछौं, यद्यपि हामीले यस छोटो जीवनमा जे जति गर्दछौं त्यसले त्यहाँ अनन्तसम्म बस्ने अधिकार सम्भवत कमाउन सक्दैनौं भन्ने कुरा बुझेका पनि हुन सक्दछौं । त्यसै समयमा, हामीले नर्कको वीभत्सतालाई विरोध पनि गरिरहेका हुन सक्दछौं, यो सोचेर कि हामीले यो छोटो जीवनमा जे गरेका छौं त्यो त्यति खराब पनि छैन जसले हामीलाई अन्त्य नहुने दण्ड पाउने योग्यको बनाओस् । हामीहरूले अधर्मीहरूले उहाँको प्रतिशोध पाउनुभन्दा बढी धर्मीहरू परमेश्वरको कृपा र अनुग्रह पाउने योग्यका हुन्छन् भनी सोचीरहेका पनि हुन सक्दछौं ।

कसै-कसैले अनन्त दण्ड परमेश्वरको प्रेम, कृपा र अनुग्रहसँग नमिल्ने कुरा हो भनी सोच्ने गल्ती गर्दछन् । त्यसैकारण, उनीहरू बाइबललाई यसरी व्याख्या गर्न चाहन्छन् जसले गर्दा त्यो प्रेमीलो, दयालु र सहनशील परमेश्वरसँग मिल्दो हुन्छ (१ तिमोथी १:२, १ यूहन्ना ४:८) । उनीहरूले परमेश्वरको अर्को पक्षलाई नदेखेको जस्तो गर्दछन्: उहाँ एक क्रोध र बदलाको[1] परमेश्वर पनि हुनुहुन्छ । उहाँले

[1] पढ्नुहोस् रोमी १:१८, २:८, ३:५, १२:१९, एफिसी ५:६, कलस्सी ३:६, २ थेसलोनिकी १:८ ।

अधार्मिकतालाई घृणा गर्नुहुन्छ (हिब्रू १:९), "कठोरता" देखाउनु हुन्छ (रोमी ११:२२) र एक "भष्म गर्ने आगो" हुनुहुन्छ (हिब्रू १२:२९) । हामी पढ्न पाउँछौं, "यसकारण परमेश्वरको दया र कठोरतालाई ध्यानमा राख, पतन भएकाहरूमाथि कडा व्यवहार, तर उहाँकै दयामुनि रहिरह्यौ भने तिमीलाई परमेश्वरको दया देखाइनेछ, नत्रता तिमी पनि काटिने छौ" (रोमी ११:२२) । हिब्रू १०:३१ ले भन्दछ, "जीवित परमेश्वरको हातमा पर्नु डरलाग्दो कुरो हो ।"

परमेश्वरको दयालुपनलाई नयाँ करारमा पत्रुस (लूका २२:३१, ३२), पावल (१ तिमोथी १:१५, १६) र अरुहरूसँगको उहाँको व्यवहारहरूमा चित्रण गरिएको छ । हननिया र सफिराको (प्रेरित ५:१-१०) र हेरादको (प्रेरित १२:२०-२३) मृत्युमा उहाँको क्रोध पनि देखिन्छ । तिनीहरूको गलत कामको कारणले परमेश्वरको प्रहारद्वारा ती मानिसहरू मरेका थिए ।

परमेश्वरले अनाज्ञाकारीहरूसँग गर्नुभएको व्यवहारले उहाँ कठोर दण्ड दिन सक्षम हुनुहुन्छ भन्ने देखाउँदछ। तिनीहरू जसले परमेश्वरलाई एउटा प्रेमको परमेश्वरकोरुपमा मात्र हेर्दछन् तिनीहरूले उहाँको पापप्रतिको प्रचण्ड रोषलाई र उहाँको आज्ञामा समर्पित नभएकाहरूलाई उहाँले दिनुभएको दण्डलाई देख्दैनन् ।

## दण्डको पूर्वावलोकन

हामीले जीवनका सुखहरूको कहिल्यै अन्त्य नहोस् भनी इच्छा गरिरहँदा, हामी पिडाहरू तुरुन्तै अन्त्य हुन् भन्ने पनि चाहन्छौं । जे कुरा सुखदायी र आनन्दमय हुन्छ त्यो दण्ड हुँदैन । गलत कृयाकलाप विरुध्दको प्रतिकार ती कुराहरू सहन लगाएर मात्र गर्न सकिन्छ जसमा हामीहरू सहमत हुन सक्दैनौं । यदि परमेश्वरले जे भन्नुभएको छ ती पिडा दिने जस्ता देखिन्छन् भने पनि तिनीहरू आइलाग्ने छन् भनी अपेक्षा गरिनुपर्दछ । नभए अरु कुन तरिकाले परमेश्वरले पापी मानिसलाई दण्ड दिन सक्नुहुन्छ त ?

### दण्ड कस्तो हुनेछ ?

जसरी हामीलेअघि नै बाइबलले परमेश्वरले अन्त्यको समयमा दुष्टहरूलाई दिने दण्ड अनन्तको हुनेछ भन्ने शिक्षा दिन्छ भन्ने निष्कर्ष

निकाल्यौ । हामी "अनन्त दण्ड" कस्तो हुनेछ भनी कल्पना पनि गर्न सक्दैनौं (मत्ती २५:४६) ।

*भष्म ?* कसै-कसैले अनन्तसम्म दण्ड कोहीले पनि पाउने छैनन् भन्ने शिक्षा दिन्छन् । तिनीहरू "अनन्त दण्डको" अर्थ अनाज्ञाकारीहरूको सर्वनाश हो र त्यसरी अस्तित्व नै समाप्त हुनु नै दण्ड हो भन्ने विश्वास गर्दछन् । तिनीहरूले यो शिक्षालाई ती पदहरूमा आधारित बनाएका छन् जसले दुष्टहरू विनाश हुनेछन् अथवा अनन्त विनाशमा जानेछन् भन्ने घोषणा गर्दछन् (मत्ती १०:२८) ।

ग्रीक शब्द *apollumi*, जसलाई मत्ती १०:२८ मा "नाश" भनी अनुवाद गरिएको छ, त्यसलाई "नष्ट" (मत्ती ८:२५) र "हराएको" (लूका १५:४, ६) भनेर पनि अनुवाद गरिएको छ । त्यो छालाको मशक जसकोबारेमा येशूले मत्ती ९:१७ मा उल्लेख गर्नुभएको थियो, त्यो नष्ट हुन लागेको थियो, तर भष्मभएको थिएन, र त्यो भेडा, सिक्का, र त्यो हराएको (*apollumi*) छोरो भेट्टाईएको थियो (लूका १५:६, ९, २४) । येशू "हराएकालाई खोज्न र बचाउन" आउनुभएको थियो (लूका १९:१०) र उहाँले "आफ्नो प्राण मेरो निम्ति गुमाउनेले त्यो बचाउनेछ" भनी प्रतिज्ञा गर्नुभएको थियो (मत्ती १०:३९) । जे भष्मभएको हुन्छ त्यसलार्य भेट्टाउन अथवा बचाउन सकिँदैन । प्रत्येक निर्णायक प्रसङ्गमा *apollumi* शब्दको अर्थ "हराउनु", "पतन हुनु", "बिग्रनु" अथवा "भत्किनु" हुन्छ, तर "भष्म हुनु" हुन सक्दैन ।

दुष्टहरूले निरन्तररुपमा अनन्तसम्म दण्ड पाइरहने छन्: "तिनीहरूको यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ ... तिनीहरूले दिनरात कहिल्यै पनि आराम पाउनेछैनन्" (प्रकाश १४:११) । यस्तै प्रकारको विवरण दियावलस, त्यो पशु र झूटो अगमवक्ताको दण्डको सम्बन्धमा प्रकाश २०:१० मा पनि उल्लेख गरिएको छ, जो अघि प्रकाश १९:२० मा अग्नी कुण्डमा फालिएका थिए । यदि अग्नी कुण्डले ती त्यसमा फ्याँकिएकाहरूलाई भष्म पारेको हुन्थ्यो भने, त्यो पशु, त्यो झूठो अगमवक्ता जसलाईअघि अग्नी कुण्डमा फालिएको थियो तिनीहरू दियावलसलाई एक हजारवर्षपछि फालिएको समयमा जलेर खरानी भै सकेको हुनुपर्दथ्यो (प्रकाश २०:२, ३) । तिनीहरू त्यस बेलासम्म पनि अग्नी कुण्डमै थिए र निरन्तर "दिनरात र सदासर्वदै" यातना भोगिरहेका थिए (प्रकाश २०:१०) ।

जसले परमेश्वरको नयाँ करार अन्तर्गतको अनुग्रहलाई अस्वीकार

गर्दछन् तिनीहरूलाई मोशाको व्यवस्था उल्लंघन गर्दा ती इस्राएलीहरूलाई दिइएको दण्डभन्दा कठोर दण्ड पाउने योग्यको ठहराइने छ (हिब्रू १०:२९) । किनभने जसले मोशाको व्यवस्था उल्लंघन गर्दथे तिनीहरूलाई दिइने सबैभन्दा कठोर दण्ड मृत्यु थियो, त्यसैगरी त्यहाँ एउटा त्यस्तो दण्ड हुनुपर्दछ जसको मृत्युभन्दा पनि बढी डर मानियोस् । त्यो दण्ड भनेको नर्क हो ।

*वास्तविक दण्ड ?* नर्क (ग्रीकः *गेहेन्ना*[२]) एउटा वास्तविक स्थान हो जसबारेमा एक अर्को ठाउँ याकूब ३:६ मा पनि उल्लेख गरिएको बाहेक येशूले,[३] पनि विशेषरुपमा उल्लेख गर्नुभएको छ । हेडिज, मृतकहरूको निम्ति मध्यवर्तीस्थान, र हेल (नर्क) जहाँ दुष्टहरूले दण्ड पाउने छन्को बीचमाभएको स्पष्ट फरकलाई ध्यान दिनुपर्ने हुन्छ ।

*गेहेन्ना* शब्द पहिलोपल्ट यरुशलेमको दक्षिणतर्फभएको हिन्नोमका छोराहरूको एउटा खोल्सोलाई उल्लेख गर्न प्रयोग गरिएको छ । त्यो ठाउँ परमेश्वर र मानिसको निम्ति अरुचिकर र घृणितभएको थियो, किनभने मूर्तिपूजकहरूले त्यहाँ तिनीहरूका छोराछोरीहरूलाई आगोमा बलि गर्ने गर्दथे ।[४] त्यसैकारण, येशूको समयमा यो यरुशलेमको एउटा फोहोर फाल्ने ठाउँ बनेको थियो । यो गनाउँथ्यो, कीराहरूले भरिएको थियो र त्यहाँ निरन्तर बलिरहने आगोबाट धुवाँ निस्किरहन्थ्यो । *गेहेन्ना* भन्ने शब्द येशूले दुष्टहरूले दण्ड पाउने स्थानसँग मिल्दोजुल्दो विवरणकोरुपमा प्रयोग गर्नुभएको थियो ।

येशूले गेहन्नाको आगोलाई एउटा भट्टीको आगोको संकेतकोरुपमा पनि प्रयोग गर्नुभएको थियो (मत्ती १३:४२, ५०) । यो आगो निरन्तर बलिरहन्छ र निभाउन सकिँदैन (मत्ती ३:१२, १८:८, २५:४१, मर्कूस ९:४८[५]) । उहाँले त्यहाँ "किरा" मर्ने छैन पनि भन्नुभएको छ । यदि आगोले र किराहरूले लासहरूलाई नष्ट गर्ने भए, त्यसो भए त त्यो आगो निभ्ने थियो र किराहरू केही खान नपाएर मर्ने थिए । यद्यपि येशूले सम्भवत त्यो आगो र ती किराहरू वास्तविक हुन् भन्ने कुरा

[२] *गेहेन्ना* एउटा हिब्रू शब्दको ग्रीकमा गरिएको अनुवाद हो जुन दुई हिब्रू शब्दहरू, *गे* अर्थात "उपत्यका" र *हिन्नोम*, उपत्यकाको मालिकको संधि शब्द हो ।

[३] हेर्नुहोस् मत्ती ५:२२, २९, ३०, १०:२८, १८:९, २३:१५, ३३, मर्कूस ९:४३, ४५, ४७, लूका १२:५, याकूब ३:६ ।

[४] हेर्नुहोस् २ राजा २३:१०, हेर्नुहोस् २ इतिहास २८:३, ३३:६, यर्मिया ७:३१, ३२, १९:६ ।

[५] हेर्नुहोस् मर्कूस ९:४३, लूका ३:१७ ।

गर्नुभएको थिएन, उहाँले वास्तवमा ती शब्दहरू दण्डको कहिले समाप्त नहुने गुणलाई संकेत गर्न प्रयोग गर्नुभएको थियो ।

यदि त्यो आगो वास्तविक होइन भने, किन येशूले “आगो” शब्दलाई बारम्बार प्रयोग गर्नुभएको थियो ? अर्कातर्फबाट भन्ने हो भने, आत्मालाई दिइने दण्डकोबारेमा उहाँले हामीलाई सांसारिक कुराहरूले बाहेक अरु कसरी बुझ्ने तरिकाले वर्णन गर्न सक्नु हुन्थ्यो र हुनसक्छ यसै तरिकाले यसको सुन्दरताको सन्देश दिन स्वर्गको बारेमा पनि सांसारिक शब्दहरूले वर्णन गरिएको छ । येशूले निश्चय नै नर्कको पिडाबारे हामीलाई बुझ्न सहायता पुगोस् भनी सांसारिक शब्दहरू प्रयोग गर्नुभएको थियो ।

नर्कमा कस्तो प्रकारको दण्डको अनुभव हुनेछ । अनाज्ञाकारीले के को अपेक्षा गर्नुपर्दछ ?

(१) जसलाई नर्क पठाइनेछ तिनीहरूलाई “दूर होओ” भनिने छ (मत्ती ७:२३, हेर्नुहोस् २५:४१, लूका १३:२७) । तिनीहरू परमेश्वरबाट अलग गरिने छन् ।

(२) जो नर्कमा हुन्छन् तिनीहरूले परमेश्वरको उपस्थितिबाट अलग हुने दण्ड भोग्नेछन् (२ थेसलोनिकी १:९) । यसले सम्भवत परमेश्वरले तिनीहरूलाई हेर्नुहुने, सुन्नुहुने, अथवा सहायता गर्नुहुने छैन भन्ने कुराको संकेत गर्दछ ।

(३) दियावलस र उसका दूतहरूका साथसाथै त्यसबेलासम्मका प्रत्येक दुष्ट व्यक्ति, नर्कमा हुनेछन् (मत्ती २५:४१) ।

(४) नर्क आगो र गन्धकद्वारा यातना दिइनेठाउँ हो (प्रकाश १४:१०, हेरौं २०:१०, २१:८) ।

(५) नर्कमा हुनेहरू निरन्तर विनाश हुनेछन् (२ थेसलोनिकी १:९) ।

(६) तिनीहरूलाई परमेश्वरको अनन्तको राज्यमा प्रवेश गर्ने अनुमति दिइने छैन (१ कोरिन्थी ६:९, गलाती ५:२१) ।

(७) तिनीहरूले परमेश्वरको क्रोध भोग्नु पर्नेछ (मत्ती ३:७, हेरौं रोमी २:५, ५:९, एफिसी ५:६, कलस्सी ३:६) । यो केही नमिसाई खन्याइने छ (प्रकाश १४:१०) ।

(८) तिनीहरू बाहिरी, घोर अन्धकारमा हुनेछन् (मत्ती ८:१२, हेरौं २२:१३, २५:३०, २ पत्रुस २:१७, यहूदा १३) ।

(९) तिनीहरू दोषी ठहरिनेछन् (मर्कूस १६:१६, यूहन्ना ५:२९,

२ थेसलोनिकी २:१२, २ पत्रुस २:३) ।

(१०) तिनीहरू भ्रष्टभएको अवस्थामा हुनेछन् (गलाती ६:८) ।

(११) तिनीहरूले परमेश्वरको बदलाको दण्ड भोग्नेछन् (रोमी १२:१९) ।

ती दण्ड पाइरहेकाहरूको प्रतिकृया अवर्णनिय छः तिनीहरूले संकट र आपद भोग्नु पर्नेछ (रोमी २:९) । येशूले भन्नुभएको छ तिनीहरू रुनेछन् र दाह्रा किट्ने छन्, जुन असह्य पिडाको वर्णन हो (मत्ती ८:१२, १३:४२, ५०, २२:१३, २४:५१, २५:३०, लूका १३:२८) ।

नर्ककोबारेमा भनिएका सबै कुरा डरलाग्दोरुपमा नराम्रा मात्र छन्, भनिएको कुनै कुरा असल छैनन् । जो त्यहाँ जानेछन् तिनीहरू सदासर्वदाको निम्ति जीवन बिताएका हरेक दुष्ट मानिसहरूसँग, साथसाथै दियावलस र त्यसका दूतहरूसँग बस्नुपर्नेछ (मत्ती २५:४१) । तिनीहरूले कहिल्यै पनि परमेश्वरसँग अथवा धर्मीहरूसँग बस्न पाउने छैनन् । तिनीहरूले सदासर्वदै अन्धकारमा बस्नु पर्नेछ । परमेश्वर, जो ज्योति हुनुहुन्छ, त्यहाँ हुनुहुने छैन । सूर्य, आकाशगंगाहरू, ताराहरू र ब्रम्हाण्डका हरेक ज्योतिहरूको अस्तित्व त्यहाँ हुने छैन । परमेश्वर र यी ज्योतिहरू बिना, त्यहाँ अन्धकार मात्र हुनेछ ।

**को नर्क जानेछन् ?**

कस-कसले दण्ड पाउनेछन् भनी हामीलाई भनिएको छ । पावलले तिनीहरूलाई कठोर र अपश्चातापी हृदय हुनेहरू, जुनहरू "स्वार्थपूर्ण अभिलाषा भएका र सत्यको पालना नगर्ने, तर दुष्टतामा हिँड्नेहरू" र तिनीहरू जसले खराब काम गर्दछन् भनी वर्णन गरेका छन् (रोमी २:५, ८, ९) । त्यसका साथै तिनीहरूका साथमा "परमेश्वरलाई नचिन्नेहरू र ... हाम्रा प्रभु येशूको सुसमाचार नमान्ने" पनि हुनेछन् भनी लेखेका छन् (२ थेसलोनिकी १:८) । पावलले जो मानिसहरू स्वर्ग जाँदैनन् तिनीहरूको सूची पनि बनाएका छन्, जसको अर्थ के हो भने तिनीहरू नर्क जानेछन् (१ कोरिन्थी ६:९, हेरौं गलाती ५:२१, एफिसी ५:५) । तिनीहरूले बिताएको जीवनको कारणले गर्दा, नर्क तिनीहरूको अनन्तको बासस्थान हुनेछ ।

यसमा आश्चर्य मान्नु पर्दैन, नयाँ करारले डरकोबारेमा बोलेको छ । पावल लेख्दछन् "यसकारण, प्रभुको भय थाहा गरेर हामी मानिसहरूलाई मनाउँदछौं" (२ कोरिन्थी ५:११) । त्यसैप्रकारले, पत्रुस

लेख्दछन्, "पनपक्ष नगरी मानिसको कामअनुसार इन्साफ गर्नुहुनेलाई पिता भनी पुकारा गर्छौं भने, तिमीहरूका प्रवासको सम्पूर्ण समय डरसँग बिताओ" (१ पत्रुस १:१७)। येशूले भन्नुभएको छ, "तिनीहरूसँग नडराओ जसले शरीरलाई मार्छन्, तर आत्मालाई मार्न सक्दैनन्। बरु आत्मा र शरीर दुवैलाई नरकमा नाश गर्न सक्नेसँग डराओ" (मत्ती १०:२८)। पावल पनि लेख्दछन्, "यसैकारण मेरा प्रिय हो, जसरी तिमीहरूले सधैं आज्ञापालन गरेका छौ, मेरो उपस्थितिमा मात्र गरेजस्तो होइन, तर अब अझ बढी मेरो अनुपस्थितिमा डर र कम्पसाथ तिमीहरूको आफ्नो मुक्तिको काम पूरा गर्न परिश्रम गर" (फिलिप्पी २:१२)।

"सिध्द"[६] प्रेमले डरलाई हटाउँछ" (१ यूहन्ना ४:१८) र सिध्द प्रेमले हामीलाई आज्ञापालन गर्ने बनाउँदछ (यूहन्ना १४:१५, २१, १ यूहन्ना ५:३)। हामीले परमेश्वरको प्रेम र डर दुवैलाई विकसित गर्न सक्नु पर्दछ। हाम्रो परमेश्वर प्रतिको प्रेमले हामीलाई उहाँको सेवा गर्न उहाँको नजिक लानु पर्दछ र हाम्रो परमेश्वर प्रतिको डरले हामीलाई उहाँको उचित आदर गर्दै उहाँको इच्छा पालन गर्न लगाउनु पर्दछ (१ पत्रुस १:१७)।

यी सबै उल्लेख गरिएका कुराहरू हामीलाई हामी नर्क जान चाहँदैनौं भन्ने कुरामा सहमत बनाउन यथेष्ट हुनुपर्दछ। नर्क हाम्रो निम्ति होइन, तर दियावलस र त्यसका दूतहरूका निम्ति निर्माण गरिएको थियो। किनभने संसारको इतिहासभरि उसले ल्याएको दु:खको कारण, दियावलस सदासर्वदै परमेश्वरले सृजना गर्न सक्नुहुने सबैभन्दा बढी कष्टकर नर्कको योग्य छ। यदि हामीले यसो भन्छौं भने, जे भए तापनि हामीले के महशुस गर्नुपर्छ भने, जसले परमेश्वरको आज्ञापालन गर्दैनन् तर दियावलसलाई पछ्याउँदछन् तिनीहरू आफ्नो पापहरूको निम्ति सानो निन्दा मात्र होइन तर ठूलो दण्ड पाउने योग्यका हुन्छन्।

हाम्रो महान लक्ष्य स्वर्ग पुग्ने र नर्कको दण्डबाट बच्ने हुनुपर्दछ। स्वर्गमाभएको तल्लो स्थान, यदि स्वर्गमा त्यस्तो तल्लो स्थान छ भने पनि नर्कको उत्तम स्थानमा अनन्तसम्म बस्नुभन्दा, यदि नर्कमा उत्तम स्थान छ भने पनि स्वर्गको त्यो तल्लो स्थानलाई प्राथमिकता दिनु पर्दछ। हामीले परमेश्वरले चाहना गर्नुभएको जस्तै

[६] "सिध्द" लाई अनुवाद गर्ने ग्रीक शब्द *telios* हो, जसको अर्थ "परिपक्व" हुन्छ।

जीवन बिताएर र अरुहरूलाई स्वर्ग जानको निम्ति तयार हुन सहयोग गरेर नर्कको त्रासलाई टार्न सक्दछौं ।

## स्वर्गको पूर्वावलोकन

येशूले गर्नुभएको एउटा प्रेरक प्रतिज्ञा यस्तो छ "स्वर्गमा तिमीहरूको इनाम ठूलो हुनेछ" (मत्ती ५:१२, लूका ६:२३) । हामी खीष्टियान भएकाहरूसँग जीवनको आसा छ (एफिसी ४:४) स्वर्गमा एउटा जीवन जसले महिमामा यसलाई अति नै प्रसस्तसँग उछिन्ने छ, यो एउटा आशिष हो जसले खीष्टियान हुनु भनेको उत्तम कुरा हो भन्दछ । अरु कुनै मानिसहरूसँग यति धेरै स्वर्गबारेका भजन गीतहरू छैनन्, न तिनीहरू भविष्यको वासस्थानकोबारेमा बारम्बार गीतहरू गाउँछन् । हाम्रो स्वर्गको आशाले धेरै परीक्षाहरू र कष्टहरूमा पनि हामीलाई आनन्दमा डोऱ्याउँदछ तर अरुहरूलाई भने यसले दु:ख र पिडातर्फ डोऱ्याउने गर्दछ (१ थेसलोनिकी ४:१३) ।

येशूले भन्नुभएको छ, "म त तिनीहरूले जीवन पाऊन् र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ" (यूहन्ना १०:१०) । एउटा प्रशस्तताको जीवन समस्या बिहिन भने हुँदैन । पावल लेख्दछन्, "खीष्ट येशूमा भक्तिसाथ जीवन बिताउन इच्छा गर्नेहरू सबैजना सतावटमा पर्ने नै छन्" (२ तिमोथी ३:१२) । जुन सतावत पावलले सहेका थिए त्यसले उनलाई यसो भन्न अगुवाइ गरेको थियो "यदि यस जीवनको लागि मात्र खीष्टमा हामीले आशा राखेका हौं भने हामी सबै मानिसहरूभन्दा बढी दयनीय हुन्छौं" (१ कोरिन्थी १५:१९) । उनले आफूले खीष्टको निम्ति सहेको कठिनाइकोबारेमा लेखेका छन्, "मान्छे कै कुरा गर्ने हो भने, एफिससमा जंगली जनावरसँग मेरा लडाइँले मलाई के फाइदा भयो र ? मृतकहरू जीवित नहुने भए ता, हामी खाऔँ र पिऔँ किनभने भोलि त हामी मरिहाल्छौं" (१ कोरिन्थी १५:३२, हेरौं यशैया २२:१३) ।

नयाँ करारले हामीलाई भविष्यमा हेर्ने धेरै कुराहरू दिएको छ । स्वर्ग, सविस्तार वर्णन नगरिएको भए तापनि उध्दार पाएकाहरूको अनन्तको घरको अर्थमा बारम्बार धर्मशास्त्रमा उल्लेख गरिएको छ, तर स्वर्गको आशिषहरूकोबारेमा भने धेरैपल्ट संकेत गरिएको छ ।

स्वर्गमा घरको खीष्टियान आसा एउटा यस्तो आसा हो जसले

हामीमा आनन्द ल्याउँदछ (रोमी १२:१२) । यो ती पुरानो करार अन्तर्गत रहेकाहरूलाई गरिएकोभन्दा उत्तम प्रतिज्ञा हो (हिब्रू ८:६, १०:३४) । यदि उनीहरूले परमेश्वरले तिनीहरूसँग बाँध्नुभएको करारको पालना गर्थे भने उनीहरूलाई दीर्घायु जीवन र सम्वृध्दिका साथ कनान देश दिने प्रतिज्ञा गरिएको थियो (व्यवस्था ४:१३, ५:३३) । यदि हामीलाई प्रतिज्ञा गरिएको कुरा भनेको यसको पूर्व अवस्थामा सुधारिएको पृथ्वीमा एक स्थान दिने हुन्थ्यो, र त्यसपछि परमेश्वरले नयाँ करारअन्तर्गत हाम्रो आसाको आधार दिने प्रतिज्ञा गर्नुहुन्थ्यो भने के त्यो परमेश्वरले इस्राएललाई प्रतिज्ञा गर्नुभएको देशभन्दा धेरै उत्तम करार हुन्थ्यो (व्यवस्था २८:१-१४) । हाम्रो आसा, तैपनि, एउटा जग्गाको टुक्रा साथको सम्पन्नता र पृथ्वीमा दीर्घजीवनको साटो, सदासर्वदाको निम्ति स्वर्गमा स्थान पाउनु हो (१ पत्रुस १:३, ४) । यो पृथ्वीमा हामीले जति लामो जीवन बिताएर परमेश्वरको आशिषहरूको आनन्द लिए तापनि, यो शारीरिक जीवन अस्थाई छ । हाम्रो बाहिरी मनुष्यत्व दिनहुँ नाश भएर गइरहेको छ (२ कोरिन्थी ४:१६), कुनै दिन हामीहरू सबै मर्ने नै छौं (हिब्रू ९:२७) । त्यसपछि, हामीले कुनै अर्को जीवनको अनुभव यस पृथ्वीमा गर्न पाउने छैनौं–न त अर्को मानवकोरुपमा, न अरु कुनै जीवनकोरुपमा । यसपछिको जीवनले मात्र त्यो इन्साफलाई पछ्याउनेछ, या त स्वर्गमा हामीले सेवा गरेको परमेश्वरको साथमा (हेरौं मत्ती २५:३४) अथवा उहाँलाई सेवा गर्न इन्कार गर्नेहरूको निम्ति तयार गरिएको अनन्त आगोमा (हेर्नुहोस् मत्ती २५:४१) ।

**स्वर्ग कस्तो छ ?**

बाइबलमा वर्णन गरिएअनुसार स्वर्गलाई बुझ्नको निम्ति, हामीले तीन फरक परिवेशहरूमा “स्वर्ग” शब्दलाई प्रयोग गरिएको छ भन्ने कुरा महशुस गर्नुपर्दछ (२ कोरिन्थी १२:२-४): (१) आकाश जहाँ बादल हुन्छ (व्यवस्था ११:११) र जहाँ चराहरू उड्दछन् (भजनसंग्रह ७९:२), (२) ताराहरू र नक्षत्रहरूले भरिएको ब्रम्हाण्ड (उत्पत्ति १:१४-१८, व्यवस्था १:१०) र (३) परमेश्वरको वासस्थान, जहाँ पृथ्वीका उध्दारपाएकाहरू अनन्तसम्म बस्नेछन् (१ पत्रुस १:३, ४) । यो पछिल्लो प्रसंग नै यस पाठको सरोकार हो ।

“स्वर्गको राज्य” भन्ने वाक्यशैली (१) परमेश्वरको अनन्तको राज्य (मत्ती १३:४३), (२) उध्दार पाएकाहरूका निम्ति तयार गरिएको

राज्य (मत्ती २५:३४) र (३) जसकोबारेमा उहाँले नजिकै छ भनेर प्रचार गर्नुभएको थियो र जसकोबारेमा उहाँले अरुहरूलाई प्रचार गर्न पठाउनुभएको थियो, त्यो ख्रीष्टको राज्यलाई सम्बोधन गर्न प्रयोगभएको छ । यो राज्यलाई “स्वर्गको राज्य” (मत्ती ४:१७), “परमेश्वरको राज्य” (मर्कूस १:१५), “मेरो राज्य” (लूका २२:३०), र “प्रिय पुत्रको राज्य” (कलस्सी १:१३) भनी सम्बोधन गरिएको थियो । यी शब्दावलीहरूमाभएको एकत्वको सूत्रले तिनीहरूलाई अर्थमा पनि परस्परमा सम्बन्धित बनाएको छ, किनभने तिनीहरू प्रत्येकले स्वर्गको शासनलाई वर्णन गर्दछन् । ख्रीष्टको विशेष शासन, जसकोबारेमा उहाँले नजिक आएको छ भनी प्रचार गर्नुभएको थियो (मत्ती ४:१७), उहाँको स्वर्गारोहणका साथै सुरुभएको थियो (एफिसी १:१९-२३), र जब उहाँ फर्कनु हुनेछ त्यसको अन्त्य पनि हुनेछ (१ कोरिन्थी १५:२४) । त्यो राज्य जसमा उध्दार पाएकाहरूले तिनीहरूको अनन्तको इनामकोरुपमा प्रवेश गर्न पाउनेछन् त्यसबारेमा यस पाठले बढ्ता जोड दिनेछ (मत्ती २५:३४) । यी शब्दावली प्रयोग भएका प्रत्येक पदावलीको अर्थ प्रसंगले मात्र निर्णय गर्दछ ।

स्वर्ग एउटा छुन सकिने, भौतिक आयतन नभएकोले, हामीले यसलाई वर्णन गर्न प्रयोग भएका भौतिक शब्दहरूले त्यो आत्मिक राज्यको वास्तविकताहरूको संकेत मात्र गर्न सक्दछ भन्ने कुरा बुझ्नु पर्दछ । यो राज्यकोबारेमा पावलले लेखेका छन्, “हामी दृश्य कुरालाई होइन तर अदृश्य कुरालाई हेर्छौं, किनभने दृश्य कुरा क्षणिक हुन्छन्, तर अदृश्य कुराचाहिँ अनन्तसम्म रहन्छन्” (२ कोरिन्थी ४:१८) । यद्यपि परमेश्वरले स्वर्गलाई सांसारिक शब्दहरूद्वारा वर्णन गर्नुभएको भए तापनि, यसलाई भौतिकरुपमा सोच्नु हुँदैन ।

यस पृथ्वीलाई एउटा आत्मिक वासस्थानकोरुपमा पुनः निर्माण गरिने अथवा परिवर्तन गरिने छैन । यदि त्यसो हुन्थ्यो भने, त्यसो भए जो सिंहासनमा विराजमान हुनुहुन्छ उहाँलाई हामीले गम्भीरताका साथ लिने थिएनौं, जसले भन्नुभएको छ “हेर, म सबै कुरा नयाँ तुल्याउँछु” (प्रकाश २१:५) । न हामीले यो भनाइलाई यथार्थ मान्ने थियौं, “तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखे, किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए, ...” (प्रकाश २१:१) ।

त्यो नयाँ यरुशलेम, उध्दारपाएकाहरूको शहर, पृथ्वीमा पत्ता लागेकामध्ये महँगा वस्तुहरूले बनेको भनी वर्णन गरिएको छ (प्रकाश

२१:११-२१) । त्यस्तो विवरण अद्भूत छ, करिब मानिसको कल्पनाभन्दा परको । हामी मरणशीलहरूले यस्तो दृश्य देखेका हौं भन्ने परमेश्वर चाहनुहुन्छ । जब हामी उहाँको राज्यमा महिमित हुनेछौं तब हामी सबै आश्चर्यचकित हुनेछौं (१ थेसलोनिकी २:१२, हिब्रू २:१०), यसको भव्यता र महिमा देख्नेछौं (रोमी ८:१८) र त्यो महिमाको सहभागी हुनेछौं (१ पत्रुस ५:१) । उहाँ "उहाँका सन्तहरूमा महिमित" हुनुहुनेछ (२ थेसलोनिकी १:१०) । यो एउटा अन्त्य हुने राज्य होइन, तर यसले हामीहरूलाई स्वर्गका नागरिकहरूकोरुपमा एउटा "अतुलनीय तथा अनन्तको महान महिमा" प्रदान गर्नेछ भनेर पनि हामी प्रभावित हुनेछौं (२ कोरिन्थी ४:१७) । पृथ्वीसँगको तुलनामा, यो "एउटा अझ उत्तम र एउटा सदा रहने सम्पत्ति" (हिब्रू १०:३४), "एउटा उत्तम देश, अर्थात् स्वर्गीय देश" हो (हिब्रू ११:१६) ।

स्वर्गको सबैभन्दा अद्भुत पक्ष भनेको परमेश्वर, येशू र पवित्र आत्मा (प्रकाश २१:३), र पहिले जीवन बिताएका सबै उध्दार पाएका मानिसहरूसँगको हाम्रो अनन्तसम्मको संगति नै हुनेछ । पृथ्वीमाभएको कुनै पनि संगतिको हामीले स्वर्गमा गर्ने अनन्त संगतिसंग कुनै तुलना हुनैसक्दैन ।

यदि हामीले स्वर्गको महिमालाई केही क्षणसम्म पनि हेर्न सक्यौ र हामीले गर्ने संगतिको अनुभवलाई देख्न सक्यौ भने, हामी त्यहा जानेबारेमा यति व्यग्र हुनेछौ कि हामीले जागा रहेको समय त्यसबारेमा सपना देखेर र त्यसका निम्ति योजना बनाएर बिताउनेछौं । पावल लेख्दछन्, "म विचार गर्दछु, कि हामीमा जुन महिमा प्रकट गरिनेछ, त्यससंग वर्तमान समयका कष्टहरू तुलना गर्न योग्य छैनन्" (रोमी ८:१८) ।

**स्वर्गमा के हुन्छ ?**

स्वर्गलाई हामीले बुझ्न सहयोग पुगोस् भनी संकेतहरू प्रयोग गरिएको छ । हामीलाई यहाँ पृथ्वीमा चाहिने बस्तुहरू स्वर्गमा हुने छैनन्, जस्तै घाम, जुन, अथवा बत्ती, न त्यहाँ कुनै रात हुने छ, किनभने थुमा (येशू ख्रीष्ट) नै ज्योति हुनुहुनेछ (प्रकाश २१:२३, २५, २२:५) । हामीले तुरुन्तै परमेश्वरलाई भेट्न सक्ने कुराको अर्थ के हो भने कि त्यहाँ एउटा मन्दिरको आवश्यकता पर्ने छैन, किनभने परमेश्वर र थुमा नै मन्दिर हुनुहुनेछ (प्रकाश २१:२२) ।

हामीलाई कुनै शारीरिक खानाको पनि आवश्यकता पर्ने छैन किनभने जीवनको नदीको पानी र जीवनको रुखको फलले जीवनलाई जीवित राख्ने छ (प्रकाश २२:१, २) । अब उसो हामी परमेश्वरबाट टाडा हुने छैनौ, किनभने, "उहाँ तिनीहरूसंग बास गर्नुहुनेछ, र तिनीहरू उहाँको प्रजा हुनेछन् र परमेश्वर स्वयम् तिनीहरूसंग र हनुहुनेछ" (प्रकाश २१:३) । परमेश्वरको र थुमाको सिंहासन त्यहाँ हुनेछ, र त्यसको कारण, कुनै श्राप त्यहाँ हुने छैन (प्रकाश २२:३) । हाम्रो नयाँ बासस्थानमा धार्मिकता मात्र हुनेछ (२ पत्रुस ३:१३) ।

**हामी कस्तो देखिने छौं ?**

हाम्रो भौतिक शरीर आत्मिक शरीरमा परिवर्तन हुनेछ (१ कोरिन्थी १५:४४, ५१-५४) । हामीले प्रवेश गर्ने आत्मिक आयतनको निम्ति भौतिक शरीर अनुपयुक्त हुनेछ, किनभने, "मासु र रगत स्वर्गको राज्यको हकदार हुन सक्दैन" (१ कोरिन्थी १५:५०) । परमेश्वरको आत्मिक राज्य उहाँको निम्ति स्वाभाविक छ, किनभने उहाँ आत्मा हुनुहुन्छ (यूहन्ना ४:२४), र उहाँका दूतहरूको निम्ति पनि, किनभने उनीहरू पनि आत्मा हुन् (हिब्रू १:१४) । हामीले त्यस स्वरुपमा शरीर कस्तो देखिनेछ भन्ने कुरा बुझ्न सक्दैनौ तर हामीलाई आत्मविश्वास छ "कि जब उहाँ प्रकट हुनुहुन्छ, तब हामी उहाँ जस्तै हुनेछौ, किनकि उहाँ जस्तो हुनुहुन्छ हामी उहाँलाई त्यस्तै देख्नेछौं" (१ यूहन्ना ३:२) । हामीले परमेश्वरलाई देख्नको निम्ति, उहाँको स्वरुपमा पस्नै पर्दछ, किनभने शारीरिक कुराले परमेश्वरलाई देख्न सक्दैन (१ तिमोथी ६:१६) । येशूले "जुन शाक्तिद्वारा सबै कुरालाई उहाँको अधिनमा ल्याउन सक्नुहुन्छ, हाम्रा हीन शरीरलाई आफ्नै महिमाको शरीर जस्तै हुनलाई परिवर्तन गरिदिनुहुनेछ" (फिलिप्पी ३:२०, २१) । जब यो हुनेछ, तब हामीले "उहाँको मुहार देख्नेछौं" (प्रकाश २२:४), एउटा मुहार जसलाई न हामी मध्ये कसैले पनि हाम्रो भौतिक शरीरमा देख्नसक्छौ र जीवित रहन सक्छौ (प्रस्थान ३३:२०) ।

जब हामी परिवर्तन हुनेछौ, हामीहरूसंग स्वर्गीयजनहरूको जस्तो महिमा हुनेछ । हामीहरू महिमा आदर, र शान्तिमा प्रवेश गर्न पाएर (रोमी २:७, १०), ख्रीष्टसंगै "महिमित पनि" हुनेछौ (रोमी ८:१७) । हाम्रो नयाँ स्वरुपमा हामीहरू "हाम्रा पिताको राज्यमा सूर्यजस्ता चम्किला हुनेछौ" (मत्ती १३:४३) । "जसरी हामीले माटोका मानिसकोरुप

धारण गरेका छौ, त्यसरी नै स्वर्गका मानिसकोरुप धारण गर्नेछौ" (१ कोरिन्थी १५:४९) ।

हामी "अनन्त जीवन" पाएका अनन्तका जनहरू हुनेछौ, जुन फेरि मर्दैनन् (लूका २०:३६, प्रकाश २१:४) । "अनन्त जीवनको" अर्थ जीवनको स्तरियताको साथ-साथै जीवनको लम्बाई पनि हो, जसलाई एउटा वर्तमानको सम्पत्ति[७] अथवा हामीले येशूमा विश्वास गरेर र उहाँको सेवा गरेर पाइने एउटा इनामको[८]रुपमा पनि उल्लेख गर्न सक्दछौं ।

**हामीले के गर्नेछौं ?**

परमेश्वरले हामीले स्वर्गमा के गर्ने छौ भन्ने कुराको पूर्ण विवरण हामीलाई दिनुभएको छैन र संभवत उचित कारणभएकोले होला । आत्मिक जनहरूले जे गर्दछन्, त्यो त्यति उत्साहित हुँदैन भनी हामीले त्यसमा ध्यान नदिउँला, किनभने हामी शारीरिकै छौ । जब हाम्रा आनन्द अक्सर गरेर शारीरिक कुराहरू मै आधारित हुन्छन् भने, हामीलाई स्वर्गका आत्मिक कृयाकलापहरूबारेमा उत्साहित हुन कठिनाई हुनसक्दछ ।

स्वर्गमा हामीलाई आनन्द मात्र थाहा हुनेछ, किनभने परमेश्वरले "तिनीहरूका आँखाको आँसु पूर्णरुपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन र शोक र पीडा पनि हुनेछैन । किनकि पहिलेका कुराहरू बितिसकेका छन्" (प्रकाश २१:४) । यो जीवनका ती शारीरिक पक्षहरू जसले हामीलाई दु:ख दिएका थिए अथवा हाम्रो निम्ति सराप भएका थिए अब उसो अस्तित्वमा हुनेछैनन् (प्रकाश २२:३) । उद्धार पाएकाहरू हाम्रा मालिकको "खुशीमा" प्रवेश गर्नेछन् (मत्ती २५:२१, २३) । हामीले यो जीवनको परिश्रमबाट आराम पाउने छौं (प्रकाश १४:१३, हिब्रू ४:८-११) ।

अनन्तताभरि हामीले आनन्द गर्नेछौं किनभने हामी पितासंग (प्रकाश २१:३), येशूसंग (यूहन्ना १२:२६)[९] स्वर्गदूतहरूसंग (लूका

---

[७]हेर्नुहोस् यूहन्ना ३:३६, ५:२४, ६:४७, ५४, १ यूहन्ना ५:११, १३ ।

[८]मत्ती १९:२९, मर्कूस १०:३०, लूका १८:३०, यूहन्ना १०:२८, रोमी २:७, ६:२२, १ तिमोथी ६:१२ ।

[९]हेर्नुहोस. यूहन्ना १४:३, १७:२४, २ कोरिन्थी ५:६-८, फिलिप्पी १:२३, कलस्सी ३:४, १ थेसलोनिकी ४:१७ ।

९:२६), र जसले उद्धार पाएका छन् तिनीहरूसंग (मत्ती १३:४३) हुनेछौ। हामीले आनन्दका साथ येशूको सेवा गर्नेछौं (प्रकाश २२:३) र सदासर्वदा उहासंगै राज्य गर्नेछौ (२ तिमोथी २:१२, प्रकाश २२:५) । उहाँ सन्तहरूमा महिमित हुनुहुनेछ (२ थेसलोनिकी १:१०), जसको अर्थ निश्चय नै जसलाई उहाँले बचाउनुभएको हुन्छ तिनीहरूद्वारा येशूको आदर र मान हुनेछ भन्ने हुन्छ (फिलिप्पी २:१०, ११) । स्वर्ग प्रेमको, संगतिको र आनन्द मनाउने एउटा अद्‌भूत् ठाउँ हुनेछ।

**को स्वर्ग जानेछन् ?**

स्वर्गको महिमा योग्यताको आधारमा होइन, तर अनुग्रहको आधारमा दिइन्छ (२ थेसलोनिकी २:१६) । हाम्रा असल कामहरूद्वारा हामीले स्वर्ग आर्जन गरेको हौं भनी घमण्ड गर्न हामी सक्षम हुनेछैनौ (एफिसी २:८, ९, तीतस ३:५) । हामीले सामान्यरुपमा भन्न सक्नेछौ, "हामी नालायक दास हौ, हामीले त हाम्रो कर्तव्य मात्र पालन गरेका छौं" (लूका १७:१०) ।

स्वर्ग हामीलाई एउटा उत्तराधिकारकोरुपमा दिइने छ ।[१०] उत्तराधिकार एउटा कमाउने कुरा होइन, यो त दान हो । जो उत्तराधिकारी हुन्छन् तिनीहरू परमेश्वरका सन्तान हुन्छन् (रोमी ८:१६, १७, गलाती ३:६, ७, २९) । पानी र आत्माद्वारा जन्मेर (यूहन्ना ३:५), हामी परमेश्वरमा जन्मेका हुन्छौ (यूहन्ना १:१२, १३) । यस प्रकारले हामी परमेश्वरका सन्तान र विश्वास र बप्तिष्माद्वारा स्वर्गका उत्तराधिकारी हुँदछौं (गलाती ३:२६, २७) ।

जो स्वर्गमा पस्न पाउने छैनन् तिनीहरू नै हुन् जसले परमेश्वर को विरुद्धमा विद्रोह गरेका र अनैतिक जीवन बिताएका हुन्छन् (१ कोरिन्थी ६:९, १०, गलाती ५:१९-२१) । किनभने तिनीहरू येशूको रगतद्वारा धोइएका हुँदैनन्, तिनीहरू अशुद्ध नै हुनेछन् र स्वर्गमा पस्न सक्नेछैनन् (प्रकाश २१:२७, २ पत्रुस ३:१३) । ती जो स्वर्गमा प्रवेश गर्ने छन् तिनै हुन् जो येशूको रगतबाट शुद्ध पारिएका हुन्छन् (एफिसी ५:२५-२७, कलस्सी १:१९-२२) ।

---

[१०] हेर्नुहोस् प्रेरित २०:३२, २६:१८, एफिसी १:११, १४, १८, ५:५, कलस्सी १:१२, ३:२४, हिब्रू ९:१५, १ पत्रुस १:४ ।

## निष्कर्ष

जसले उहाँको आज्ञापालन गर्दैनन् तिनीहरूलाई परमेश्वरले सदासर्वदा दण्ड दिनुहुनेछ भन्ने धारणा डरलाग्दो छ, तर यो शिक्षा उहाँको वचनमा छ । अधर्मीहरूलाई दण्ड दिइने कार्य धर्मीहरूलाई आशिष् दिइने जस्तै अनन्तसम्म हुनेछ । निश्चय नै यसले हामीलाई हामीले गर्ने भन्ने सबै कुराहरूमा परमेश्वरलाई खुसी पार्न प्रेरित गरेको हुनुपर्दछ । यदि हामीले उहाँसँग स्वर्गमा अनन्तता पायौं र दियावलस र त्यसका दूतहरूसँग अनन्त अग्निमा जानबाट बच्यौ भने, हाम्रो प्रत्येक प्रयास, प्रत्येक कष्ट, प्रत्येक पलको सेवा महत्वपूर्ण हुनेछ ।

## अभ्यासका निम्ति प्रश्नहरू

(उत्तरहरू परिशिष्ठ १ मा छन्)

१. कसै-कसैले अनन्त दण्ड परमेश्वरको प्रेम, दया, र अनुग्रहसंग नमिल्ने कुरा हो भनी निष्कर्ष निकाल्दछन् । किन यो निष्कर्ष गलत छ ?
२. किन अनाज्ञाकारीहरू भष्म हुनेछन् भन्ने दृष्टिकोण एउटा झूठो शिक्षा हो ?
३. नर्कमा कस्तो प्रकारको दण्डको अपेक्षा गरिनु पर्दछ ?
४. जसले दण्ड पाउनेछन् तिनीहरूलाई पावलले कसरी वर्णन गरेका छन् ?
५. हाम्रो महान लक्ष्य के हुनु पर्दछ ?
६. कसरी ख्रीष्टियानहरूको स्वर्गको आशा पुरानो करार अन्तर्गतरहेकाहरूलाई गरिएकोभन्दा उत्तम प्रतिज्ञा हो ?
७. कुन तीन तरिकाले 'स्वर्ग शब्दलाई' प्रयोग गरिएको छ ?
८. किन स्वर्गमा हाम्रो निम्ति यस पृथ्वीमा आवश्यक पर्ने वस्तुहरू हुनेछैनन् ?
९. को स्वर्ग जानेछन् ?